Kachankawal Rural Municipality
Office of the Rural Municipality
Baniyani, Jhapa
1 No. Province Nepal

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# कचनकवल गाउँ पालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वनियानी (झापा)

प्रथम पटक प्रकाशित मिति : २०७६/०१/१९

## अप्टिकल फाईबर मार्फत् प्राईभेट नेटवर्किङ्ग गर्ने सम्बन्धी सिलबन्दी वोलपत्र आह्वानको सूचना

चालु आ.व. ०७५/०७६ मा यस गाउँपालिका कार्यालय तथा यस क्षेत्र भित्रका ७ (सात) वटा वडा कार्यालय: र ६ (छ) वटा स्वास्थ्य चौकीहरुमा अप्टिकल फाईबर मार्फत प्राईभेट नेटवर्क जडान गर्नु पर्ने भएकोले तपसिल बमोजिमका योग्यता पुगेका आपुर्तिकर्ताहरुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कामको विवरण | ठेक्का नं. | लागत अनुमान (मु. अ. कर वाहेक) | धरौटी रकम |
|---|---|---|---|
| अप्टिकल फाईबर मार्फत प्राईभेट नेटवर्क जडान | **NCB/Kachankawal/OF/11** | ६१,९७,४००/०० | १,५५,०००/०० |

तपसिल

१. सिलबन्दी बोलपत्र फारम यस कार्यालयबाट रु. ३,०००/- (एक हजार) फिर्ता नहुने गरी मिति ३०७६/२/१७ गते सम्म कार्यालय समयावधी भित्र प्राप्त गर्न सकिने छ वा विद्युतिय माध्यमबाट खरिद तथा दाखिलाका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np बाट समेत खरिद वा दाखिला गर्न सकिने छ । विद्यतिय माध्यमबाट खरिद गर्दा यस कार्यालयको एन आइ सि एसिया चन्द्रगढी शाखाको राजश्व खाता नं. **7CA051019752401** मा जम्मा गर्न सकिने छ ।

२. योग्य सिलबन्दी बोलपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीको लागि वा सिलबन्दी बोलपत्र सम्बन्धी सूचना हेर्न चाहेमा, यस कार्यालयको सूचना पार्टी वा **www.kachankawalmun.gov.np** मा हेर्न सकिनेछ ।

३. सिलबन्दी बोलपत्र फारमका साथ फर्मको कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता, स्थायी लेखा नंम्बर दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित कम्तीमा चार वटा स्थानीय निकायमा यस प्रकारको कार्य सम्पन्न गरी सकेको पत्र संलग्न राखी मिति २०७६/२/१९ गते १२:०० वजे भित्र यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

४. सिलबन्दी बोलपत्रदाताले कबोल गरेको कूल अंकको २.५% ले हुन आउने रकम यस कार्यालयको नाम रहेको एन आई सि एसिया चन्द्रगढी शाखामा रहेको धरौटी खाता नं.**67CA051019752404** मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकहरुबाट यस कार्यालयको नाममा जारी गरेको ९० दिन म्याद भएको जमानत पेश गर्नु पर्नेछ ।

५. सिलबन्दी बोलपत्र फारमको परिमाणमा दररेट लेख्दा उल्लेखित स्पेसिफिकेसन बमोजिमका मालसामानहरु नै उपलब्ध गराउने गरी आफूले कबोल गरेको दररेट र जम्मा रकम (भ्याट बाहेक) अंङ्क र अक्षरमा प्रष्ट लेख्नु पर्नेछ । अंङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. सिलबन्दी खामको बाहिरी भागमा कुन कार्यको दरभाउपत्र पेश गरेको हो, र सोको ठेक्का नं. स्पष्ट लेखिएको हुनु पर्नेछ । अस्पष्ट वा केरमेट भएको पाईएमा मान्यता दिईने छैन ।

७. सिलबन्दी बोलपत्र पेश गर्ने र खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यरु क्रमशः सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

८. सरकारी कार्यालयको प्रतिनिधिहरु र सम्बन्धीत बोलपत्रदाताहरुको आधिकारीक प्रतिनिधिहरुको रोहबरमा दर्ता भएका बोलपत्रहरु मिति २०७६/२/१९ गते दिनको १:०० वजे खोलिनेछ । साथै बोलपत्रदाताहरुको आधिकारीक प्रतिनिधिहरु अनुपस्थित भएमा बोलपत्र खोल्नमा बाधा पर्नेछैन ।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. विस्तृत जानकारीका लागि यस कार्यालयका सूचना प्रविधि अधिकृतसंग विस्तृत विवरण वुझ्न सकिनेछ (फोन नं. ९८१७९७१२५७) ।

प्रमुख प्रशासकीय अधिकृत